**फिक्कल गाउँपालिका**

**खाङ्साङ, सिन्धुली**

**बागमती प्रदेश, नेपाल**



**स्थानीय राजपत्र**

**खण्डः९ संख्याः१ मितिः २०८२/०४/०१**

**भागः १**



# फिक्कल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुलीको विनयोजन ऐन,२०८२

**फिक्कल गाउँपालिका, सिन्धुली को आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभाबाट स्वीकृत मितिः २०८२/०३/२६

**प्रस्तावना :** फिक्कल गाउँपालिका, सिन्धुली २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम फिक्कल गाउँपालिका, सिन्धुलीको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "फिक्कल गाउँपालिका, सिन्धुलीको विनियोजन ऐन, २०८२" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८२/८३ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ५७,३७,००,०००.०० (अक्षेरुपी रुपैयाँ सन्ताउन्न करोड सैतिस लाख मात्र | ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ . **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३को निमित्त फिक्कल गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट

नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूची १

रु. हजारमा

| रु. हजारमा | | | |
|---|---|---|---|
| शीर्षक | आ.व. २०८०/८१ को यथार्थ | आ.व. २०८१/८२ को संशोधित अनुमान | आ.व. २०८२/८३ को अनुमान |
| आय | ४९,८३,७१ | ५१,६६,३६ | ५४,५४,३५ |
| राजस्व | १०,४९,४० | १२,७५,२७ | १३,३१,१६ |
| आन्तरिक श्रोत | ८१,०१ | ५३,५१ | ५५,१८ |
| ११३१४ भुमिकर/मालपोत | ७,५७ | ६,०० | ६,०० |
| ११३१७ वहाल कर | २,७८ | २,०० | ३,०० |
| ११३१८ वहाल विटौरी कर | १२ | १,०० | १,०० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १ | | |
| ११६११ व्यवसायले भुक्तानी गर्ने | ३५ | १,०० | १,०० |

| | | | |
|---|---|---|---|
| ११६२१ व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने | ० | | |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २,९२ | १,०० | ३,०० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | २ | | |
| ११६९१ अन्य कर | ४८,६५ | १९,३९ | १४,२१ |
| १४२११ कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ६० | | |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १५ | १,०० | ० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ३,१९ | ० | १,०० |
| १४२२१ न्यायिक दस्तूर | १ | | |
| १४२२४ परीक्षा शुल्क | १,०३ | ० | १,०० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | (२,२८) | ५,०० | ५,०० |
| १४२४२ नक्सापास दस्तुर | ५ | १० | २० |
| १४२४३ सिफारिश दस्तुर | ३,३७ | ५,०० | ५,०० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | १,५५ | १,६० | १,६० |
| १४२४५ नाता प्रमाणित दस्तुर | ९ | १,०० | १,०० |
| १४२४९ अन्य दस्तुर | ४८ | २,०० | २,१७ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ४५ | २,०० | २,०० |
| १४२६२ विद्युत सम्बन्धी दस्तुर | ० | | |
| १४२६३ जलस्रोत सम्बन्धी अन्य दस्तुर | ३ | | |
| १४२६५ अन्य क्षेत्रको आय | १,१४ | | |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ८५ | १ | १,०० |

| | | | |
|---|---|---|---|
| १४६११ व्यवसाय कर | ४० | | |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १०,११,११ | १२,२१,७५ | १२,७५,९७ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | | ५ | ५,०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ५,९०,२० | ६,५०,६६ | ६,४९,७० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | १,२१,३९ | २,३६,३३ | २,१६,५६ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २,३०,४५ | २,९९,७० | ३,५९,७० |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ७१ | | |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २५,६३ | ३५,०० | ४५,०० |
| ३३३६६ दहत्तर बहत्तर शुल्क | ४२,७१ | | |
| अन्य आय | ७,४० | ५,४१ | ७,०० |
| १४५२९ अन्य राजस्व | १,११ | ५,४० | ५,०० |
| १५१११ बेरूजू | ६,२८ | १ | २,०० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३९,३४,३१ | ३८,९१,०९ | ४१,२३,१९ |
| संघीय सरकार | ३३,५४,१६ | ३३,६४,३६ | ३४,४२,०० |
| १३३११ समानिकरण अनुदान | ७,२९,१२ | ७,९२,०० | ८,०९,०० |
| १३३१२ शसर्त अनुदान  चालु | २२,९५,०४ | २३,१९,३६ | २३,९४,०० |
| १३३१३ शसर्त अनुदान  पुँजीगत | १,३०,०० | १८,०० | ६,०० |
| १३३१४ विषेश अनुदान चालु | ५०,०० | १,२५,०० | १,६५,०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ७०,०० | १,१०,०० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ८०,०० | ० | ६८,०० |
| प्रदेश सरकार | ५,८०,१५ | ५,२६,७३ | ६,८१,१९ |

| | | | |
|---|---|---|---|
| १३३११ समानिकरण अनुदान | ७१,२५ | ७०,३५ | ७५,०५ |
| १३३१२ शसर्त अनुदान चालु | १,९३,९० | ८३,८८ | १,५९,१४ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ४५,०० | ९२,५० | १,३०,०० |
| १३३१४ विषेश अनुदान चालु | ७०,०० | | |
| १३३१५ विषेश अनुदान पुँजीगत | | ८०,०० | ६५,०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,००,०० | २,००,०० | २,५२,०० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| | | | |
| व्यय | ४१,०१,९८ | ५४,०८,६३ | ५७,३७,०० |
| चालु | ३०,९७,७० | ४१,३४,४८ | ४५,१३,२० |
| २११११ पारिश्रमिक कर्मचारी | १७,२६,९९ | ५,३१,५८ | १,५८,५२ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ५०,८५ | ६०,०० | ५४,०० |
| २११२१ पोशाक | ४,१३ | ७,४० | ९,०० |
| २११२२ खाद्यान्न | १,५७ | ५,०० | ५,०० |
| २११२३ औषधीउपचार खर्च | ० | ० | ११,०० |
| २११३२ महंगी भत्ता | ८,२७ | ५,०० | १५,०० |
| २११३३ फिल्ड भत्ता | १,५५ | ५,०० | ७,८० |
| २११३४ कर्मचारीको बैठक भत्ता | २,०० | २,०० | ४,०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३,८६ | ० | ५,०० |
| २११३९ अन्य भत्ता | १,८५ | ५,०० | ५,०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ३,७२ | ५,०० | ५,०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | २,०० | २,०० | २,०० |

| | | | |
|---|---|---|---|
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ० | ० | २०,०० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ७,७७ | ८,०० | ४,८० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ० | ० | १,५० |
| २१२१४ कर्मचारी कल्याण कोष | ० | १०,०० | ५,०० |
| २१२१९ अन्य सामाजिक सुरक्षा खर्च | ० | ३१,०० | १५,०० |
| २२१११ पानी तथा बिजुली | ३,४० | १०,०० | १२,०० |
| २२११२ संचार महसुल | ८,५६ | ७,०० | ७,२० |
| २२२११ इन्धन (पदाधिकारी) | ७,९९ | २०,०० | १८,०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २२,३४ | ३६,१० | ३४,२० |
| २२२१३ सवारी साधन मर्मत खर्च | १६,५९ | ६६,७२ | ३४,५० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ४,७८ | ६,७० | ६,५० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ६,१६ | १८,२० | १३,२० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ० | ० | ४,०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २२,३९ | ३६,२० | १६,२० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३५,१२ | ६,०० | ३,०० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | २,२३ | १४,७० | १२,६० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६,२३ | ५,६० | ८,१० |

| | | | |
|---|---|---|---|
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ० | ० | १२,२२ |
| २२४११ सेवा र परामर्श खर्च | ३६,४२ | ८,०० | १३,०० |
| २२४१३ करार सेवा शुल्क | २,७२,९१ | २,८७,५० | ३,००,०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ९६ | १,०० | ३,०० |
| २२५११ कर्मचारी तालिम खर्च | ० | २,०० | २,०० |
| २२५२२ कार्यक्रम खर्च | २,५७,९९ | १०,५५,१७ | ३२,५२,६४ |
| २२५२९ विविध कार्यक्रम खर्च | ५३,११ | १५,०० | १५,०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १९,५८ | २०,४० | ९,४० |
| २२६१२ भ्रमण खर्च | २१,९२ | ५,०० | १८,०० |
| २२७११ विविध खर्च | ३५,४३ | २६,०० | ४०,१० |
| २२७२१ सभा सञ्चालन खर्च | ४,९१ | १०,०० | ५,०० |
| २५१११ गैर वित्तीय  संस्थानहरूलाई चालु सहायता | ० | १२,०० | ० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | ४,२४,०५ | १७,७५,२१ | ३,२२,७२ |
| २५३१५ अन्य सस्था सहायता | १,०० | ५,०० | ० |
| २८१४२ घरभाडा | ७,४२ | ० | ४,०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | ८,४९ | ५,०० | ११,०० |
| २८१४९ अन्य भाडा | ३,०० | ३,०० | ३,०० |
| २८९११ भैपरी आउने चालु खर्च | ० | ० | ५,०० |
| पूंजीगत | १०,०४,२७ | १२,७४,१५ | १२,२३,८० |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | ७५,९८ | १,०० | ० |
| ३१११२२ मेशिनरी तथा औजार | ५,९० | ३०,५० | १५,०० |

| | | | |
|---|---|---|---|
| ३११२३ फर्निचर तथा फिक्चर्स | १५,६२ | २५,०० | १०,०० |
| ३११३५ पूँजीगत परामर्श खर्च | १,०० | ६,०५,४० | १७,०० |
| ३११५१ सडक तथा पूल निर्माण | ५,४८,३५ | १,२८,०० | ५,६७,९० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | २,५३ | १,०० | ० |
| ३११५५ सिंचाई संरचना निर्माण | १४,७८ | ८८,०० | ७१,०० |
| ३११५६ खानेपानी संरचना निर्माण | १,७३,२० | १,२७,२५ | ० |
| ३११५८ सरसफाई संरचना निर्माण | ० | ० | ० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | १,६६,८७ | २,६८,०० | ५,२३,४० |
| ३११७२ पूँजीगत अनुसन्धान तथा परामर्श | ० | ० | ९,५० |
| ३१५११ भैपरी आउने पूँजीगत | ० | ० | १०,०० |
| बजेट बचत (+)/न्यून | ८,८१,७३ | (२,४२,२७) | (२,८२,६५) |
| गत वर्षको नगद मौज्दात | | २,४२,२७ | २,८२,६५ |

**आज्ञाले**

**डम्बरबहादुर रजनमगर**

**प्रमुख प्रशासकीय अधिकृत**